मितिः २०८२/०९/३०
समयः दिनको १:०० वजे

आज मिति २०८२ साल पौष महिनाको ३० गते बुधबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको चवालिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

<u>उपस्थितिः</u>

क्र.सं.	पद	नामथर	कार्यपालिका पद	हस्ताक्षर
१.	नगर प्रमुख	श्री दिपक कुमार रिसाल	अध्यक्ष	
२.	नगर उप-प्रमुख	श्री सान्नानी लामा	सदस्य	
३.	वडा अध्यक्ष वडा नं. १	श्री द्धारिका श्रेष्ठ	सदस्य	
४.	वडा अध्यक्ष वडा नं. २	श्री मधु तामाङ	सदस्य	
५.	वडा अध्यक्ष वडा नं. ३	श्री मुरारी प्रसाद कुइकेल	सदस्य	
६.	वडा अध्यक्ष वडा नं. ४	श्री जयराम महत	सदस्य	
७.	वडा अध्यक्ष वडा नं. ५	श्री नारायण बहादुर सुवेदी	सदस्य	
८.	वडा अध्यक्ष वडा नं. ६	श्री नवराज लामा	सदस्य	
९.	वडा अध्यक्ष वडा नं. ७	श्री केशव गुरुङ	सदस्य	
१०.	वडा अध्यक्ष वडा नं. ८	श्री नन्दलाल श्रेष्ठ	सदस्य	
११.	वडा अध्यक्ष वडा नं. ९	श्री राजिब थापा	सदस्य	
१२.	कार्यपालिका सदस्य	सुश्री लक्ष्मी भण्डारी	सदस्य	
१३.	कार्यपालिका सदस्य	श्री सोविता मिजार	सदस्य	
१४.	कार्यपालिका सदस्य	श्री गौरी माया श्रेष्ठ	सदस्य	

१५.	कार्यपालिका सदस्य	श्री माया तामाङ	सदस्य	
१६.	कार्यपालिका सदस्य	श्री सिता दर्जी	सदस्य	
१७.	कार्यपालिका सदस्य	श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो)	सदस्य	
१८.	कार्यपालिका सदस्य	श्री देवी माया लिम्बु	सदस्य	
१९.	कार्यपालिका सदस्य	श्री हरिबहादुर वि.क.	सदस्य	
२०.	प्रमुख प्रशासकीय अधिकृत	श्री यामनारायण गौली	सचिव	

<u>आमन्त्रित उपस्थिति</u>

१.	आर्थिक प्रशासन शाखा प्रमुख	अधिकृत स्तर आठौं श्री रामजी रायमाझी	
२.	स्वास्थ्य शाखा प्रमुख	हरि प्रसाद उपाध्याय	
३.	राजस्व शाखा प्रमुख	अधिकृत स्तर सातौं श्री नारायण पुरी	
४.	प्रशासन शाखा प्रमुख	अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा	
५.	सूचना प्रविधि शाखा	अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ	
६.	प्रशासन शाखा	प्रा.स. श्री रामबाबु बस्नेत	
७.	प्रशासन शाखा	कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी	

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०९/३०गतेको चवालिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.१:- माकलबारी पुल सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गतका क्रमागत ठेक्का नं. GOMUN/NCB/078-79/B1/04 "माकलबारी पुल निर्माण कार्यको लागि वर्षातका कारण कार्यतालिका बमोजिम कार्य गर्न नसकिएको साथै पुल ढलानपश्चातका protection works, approach road works लगायत पुल परीक्षणका लागि समय लाग्ने देखीएको हुँदा निर्माण व्यावसायिबाट संसोधित कार्यतालिकासहित ३ महिनाभित्र कार्य सम्पन्न गर्ने गरि म्याद थपको लागि निवेदन पेस भएबमोजिम मिति २०८२/१२/३० सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.२:- कर्मचारीहरुको अध्ययन / असाधारण विदा सम्बन्धमा ।

क) यस नगरपालिका अन्तर्गतको गोकर्णेश्वर नगर अस्पतालमा कार्यरत मेडिकल अधिकृत, आठौं तह डा. श्रृजना पाण्डेय (क.सं.नं. २२५९७३) ले आफू (सुत्केरी) भएको करीव ३/४ महिना भएको र श्रीमान पनि विदेश रहनु भएकोले नवजात शिशुको स्याहार सुसार गर्न आफ्नो कोही नभएकोले १ (एक) वर्ष असाधारण विदाको स्वीकृतिको लागि यस कार्यालयमा मिति २०८२/०९/०९ निवेदन दिनु भएको । बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० मा कर्मचारीले असाधारण विदा लिनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा स्थानीय तहले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा दुई वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ भन्ने व्यवस्था भएकोले निज डा. श्रृजना पाण्डेय (क.सं.नं. २२५९७३) को मिति २०८२/१०/०७ गते देखि २०८३/१०/०६ गते सम्म १ वर्ष असाधरण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

ख) यस नगरपालिकामा अधिकृत, अधिकृतस्तर छैटौं तहमा कार्यरत कर्मचारी सपना क्षेत्री (क.सं.नं. २३५९७७) ले घरयासी कारणवश केही समय देखि नेपाल बाहिर रहदैं आएको र केही समयका लागि कार्यालयमा उपस्थित भई कामकाज गर्न असमर्थ रहेको हुँदा बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० अनुसार मिति २०८२/१०/०६ गते देखि २०८३/०५/३० सम्म असाधारण विदा स्वीकृतिको लागि यस कार्यालयमा मिति २०८२/०९/२९ निवेदन दिनु भएको। बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० मा कर्मचारीले असाधारण विदा लिनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा स्थानीय तहले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा दुई वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ भन्ने व्यवस्था भएकोले निज सपना क्षेत्री (क.सं.नं. २३५९७७) को मिति २०८२/१०/०६ गते देखि २०८३/०५/३० गते सम्म असाधरण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

ग) यस नगरपालिकामा इन्जिनियर, अधिकृतस्तर सातौं तहमा कार्यरत कर्मचारी असिम महर्जन (क.सं.नं. २१२१५२) ले अध्ययनको सिलसिलामा निजको श्रीमती विदेशमा रहेको र पारिवारिक कारणले आफू पनि केहि समय साथमा रहनु पर्ने भएकोले बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० को उपदफा (१) मा भएको व्यवस्था बमोजिम मिति २०८२/०२/१८ गते देखि लागू हुने गरी २ वर्ष असाधारण विदा स्वीकृतिको लागि यस कार्यालयमा मिति २०८२/०२/१२ गते निवेदन दिनु भएको। वागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० मा कर्मचारीले असाधारण विदा लिनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा स्थानीय तहले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा दुई वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ भन्ने व्यवस्था भएकोले निज असिम महर्जन (क.सं.नं. २१२१५२) को मिति २०८२/०२/१८ गते देखि मिति २०८३/०२/१७ गते सम्म १ वर्ष असाधरण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

घ)यस नगरपालिका अन्तर्गतको श्री गोकर्णेश्वर नगर अस्पतालमा कार्यरत स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूह, स्टाफ नर्स, सहायक पाँचौ तहको कर्मचारी श्री गिता दुलाल (कर्मचारी संकेत नं. २२२५३७) ले यस कार्यालयको च.नं. ९५१, मिति २०८२/०५/२० गतेको अध्ययन पूर्व स्वीकृति बमोजिम चिकित्सा शिक्षा आयोगकबाट सञ्चालन हुने शैक्षिक वर्ष २०८२/८३ मा चिकित्सा शिक्षा स्नातको तह (MECEE-BL२०२६) को BNS (Bachelor of Nursing Science) अध्ययनको प्रवेश परीक्षामा समावेश भई छात्रबृत्ती कोटामा नाम निकाल्न सफल भई निज गिता दुलालले मिति २०८२/०८/२४ गते आवश्यक कागजात सहित माथि उल्लेखित तहमा अध्ययन गर्नको लागि तलवि अध्ययन विदा स्वीकृतिको लागि निवेदन पेश गर्नु भएको। बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्नातक तहको BNS (Bachelor of Nursing Science) अध्ययनको लागि निज गिता दुलाल (कर्मचारी संकेत नं. २२२५३७) को मिति २०८२/११/१४ गते देखि २०८५/११/१३ गते सम्म ३ (तीन) वर्ष तलवि अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.३:-PID को र z-pump को सम्झौता अनुसारको भुक्तानी सम्बन्धमा सम्झौता सम्बन्धमा ।

गोकर्णेश्वर नगरपालिका र काठ्माण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय बीचको सहकार्यमा संचालित Sewer Network Development Works in Gokarna, Contract No: KUKL/WW/SN-04 आयोजनाको लागि ठेक्का सम्झौता बमोजिम यस नगरपालिकाबाट कुल ठेक्का रकमको १०% रकम व्यहोर्ने सम्झौता भएबमोजिम यस नगरपालिकाको मिति २०८२/०१/११ गतेको पैतिसौं कार्यपालिका बैठकको निर्णय नं. ३ बमोजिम गत आ.व. मा बजेट अभाव भै भुक्तानी गर्न नसक्ने भएकोले त्यहाँ निर्देशनालयबाट भुक्तानी हुनेगरि आ.व. २०८२/८३ मा नगरसभाबाट उक्त १०% रकम विनियोजन गरी कार्यापालिकाबाट अनुमोदन गर्ने निर्णय भएबमोजिम हाल काठ्माण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालायको मिति २०८२/०७/१२ को चलानी नं. ४०(०८२-८३) को पत्रानुसार IPC -01 देखी IPC-08 सम्मको नगरपालिकाबाट व्यहोर्नुपर्ने १०% रकम उक्त कार्यालयबाट स्वीकृत मुल्याङ्कन प्रतिवेदन अनुसार यस नगरपालिकाबाट नगरस्तरीय योजनातर्फ सि.नं. २९, खानेपानी पि आई डी, खर्च शीर्षक ३११५१, विनियोजित बजेट १,७४,००,०००।- र सि.नं. ३०,जेट पम्प र सक्सन मेशिनको १० प्रतिशत रकम, खर्च शीर्षक ३११५६, विनियोजित बजेट १७,००,०००।- बाट खर्च हुनेगरि आयोजना कार्यान्वयन निर्देशनालयलाई भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.४:- खानेपानी सम्बन्धमा ।

यस नगरपालिकाको प्रशासकीय भवनको पेश्की फिर्ता बापत प्राप्त भएको रकम रु.१,३४,००,०००/- मध्यबाट खर्च लेखिने गरी नगरपालिकाको क्षेत्रभित्र विभिन्न स्थानमा निर्माणाधिन रहेका खानेपानीका योजनाहरुको लागि रु१,००,०००,००/- (रु.एक करोड मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५:- कवाडी सामाग्रीको ठेक्का बन्दोवस्त सम्बन्धमा ।

यस नगरपालिकाको आ.व २०८२/८३ अन्तरिक आय सम्बन्धि ठेक्का नं. **GOMUN/NCB/RE/082-83/03 (Gokarneshwor Nagarpalika ko kabaddi Kar Sankalan Sambandhi Thekka)** को मिति २०८२/०६/०२ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वानको सुचना प्रकाशित भइ पेश भएका बोलपत्रदाताहरु मध्ये सबैभन्दा बढी कवोल गर्ने डाकबाला/अधिकतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता श्री Red Pathan Business Trading Center Godawari Municipality-13 Lalitpur सम्झौताका लागि १५ दिनभित्र बैक जमानत सहित सम्झौता गर्न आउन ईमेलमार्फत जानकारी गराईएकोमा, सम्झौताको लागि सम्पर्कमा नआएको हुनाले यस नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधी २०७५ को नियम ५(२) बमोजिम सुचना पाउनुपर्ने व्यक्ति नभेटिएमा

त्यस्तो सुचना कुनै स्थानिय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सुचना पाएको मानिने व्यवस्था बमोजिम उक्त कबोलदाताको नाममा सम्झौता गर्ने आउने सम्बन्धमा राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सुचना दिने निर्णय गरियो। र सो समय अवधि भित्र सम्झौताको लागि आवश्यक कागजात सहित यस कार्यालयमा सम्पर्कमा नआएमा सोही कार्यविधिको नियम ५(३) बमोजिम ठेक्का सम्झौता गर्ने म्याद भित्र आफ्नो कबुल बमोजिम कबुलियत गर्न नआएमा निजको जमानत जफत गरि सोहि कार्यविधि को नियम(६) बमोजिम, उक्त कबोलदाता/ बोलपत्रदाता श्री **Red Pathan Business Trading Center Godawari-13 Lalitpur** ले पेश गरेको बैंक जमानत(Bid Bond/ Bid Security) स्वरूप रू. २६ लाख रकम जफत गरि उक्त बोलपत्रदातालाई ३ बर्ष सम्म यस नगरपालिका भित्र कुनै काम गर्न नपाउने गरि कालोसुचीमा राखे र सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को दफा १४१ (१) बमोजिम सार्बजनिक खरिद अनुगमन कार्यालयलाई कालोसुचीका लागि सिफारिस गरि त्यस पछिको क्रमनुसार अरु बोलपत्रलाई प्राथमिकता दिइ ठेक्का बन्दोबस्त गर्नु पर्ने व्यवस्थानुसार दोस्रो क्रममा रहेको श्री **Darpan Business Concern Godawari Municipality-05 Lalitpur** लाई सम्झौताको लागि पत्राचार गर्न नगरकार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं.६:- वडा नं.४ वडा कार्यालयको अधुरो काम सम्बन्धमा ।

यस गोकर्णेश्वर नगरपालिका तथा जिल्ला समन्वय समितिको लागत साझेदारीमा आ.व. २०७७/७८ देखी संचालित योजनाहरूको यस नगरपालिकाबाट भईसकेका भुक्तानिको सम्बन्धमा जि.स.स. बाट प्राप्त हुन आएको रकमबाट प्राविधिक ल.ई. बमोजिमका आवश्यक कार्यहरू "वडा नं. ४ वडा कार्यालयमा कृषी सामाग्री भण्डारण केन्द्र, क्यान्टिन निर्माण लगायत वडा भवनका बाँकी कार्यहरू" शिर्षकमा उपभोक्ता समितिमार्फत तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो।

तपसिल

क्र.स.	योजना तथा कार्यक्रम	विनियोजित रकम
१	"वडा नं. ४ वडा कार्यालयमा कृषी सामाग्री भण्डारण केन्द्र, क्यान्टिन निर्माण लगायत वडा भवनका बाँकी कार्यहरू"	४०,००,०००।-

निर्णय नं.७:- विविध सम्बन्धम ।

७.१)यस नगरपालिका अन्तर्गतका आ.व. ०७८/०७९ मा ठेक्कामार्फत संचालित योजना "वडा नं. ४ को पाटीदोबाटो बैगुफाँट ढोकाभज्याङ्ग पञ्चायन मन्दिर" ठेक्का नं. GOMUN/NCB/078-79/03 योजनाको लागि निर्माण व्यावसायि श्री ब्रदर्श कन्सट्रक्सन सर्भिसबाट उक्त ठेक्काको अन्यकार्यहरू सम्पन्न भई कालोपत्रे गर्ने कार्य चिसो मौसमका कारणले गर्दा समयमा सम्पन्न गर्न नसकिएको कारणसहित मिति २०८२/११/३० सम्म म्याद थप माग मागभएबमोजिम सोही मितिसम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो।

७.२) यस नगरपालिका अन्तर्गत वडा नं २ मा रहेको श्री बालसुधार माध्यमिक विद्यालयमा २०७४ सालदेखि कार्यरत शिक्षक श्री सरोजबाबु घिमिरेले टोखा नगरपालिका अन्तर्गत रहेको श्री मनोहर मा.वि.ले शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ बमोजिम माध्यमिक तहको अंग्रेजी विषय शिक्षकको सरुवाको लागि सूचना प्रकाशन गरेकोले सोही निर्देशिकाको परिच्छेद ७, शिक्षक सरुवा सम्बन्धी व्यवस्थाको दफा १८(३) मा उल्लेखित व्यवस्था अनुसार सरुवा भइ जान सहमति पाँउ भनी विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०९/२३ गतेको निर्णय सहित विद्यालयको सहमति पत्र र आफ्नो व्यक्तितग निवेदन समेत पेश गरेकोले निजलाई यस नगरपालिका अन्तर्गतको बालसुधार माध्यमिक विद्यालयबाट श्री मनोहर माध्यमिक विद्यालयमा सरुवा भई जान सहमति प्रदान गर्ने निर्णय गरियो ।

७.३) वडा नं.५ मा रहेको नगरपालिकाको आर्थिक अनुदानमा स्थापना भई स्वावलम्बी महिला समूहले संचालन गरेको स्वाबलम्बी तेल मिल उक्त महिला समूहले संचालन गर्न नसकि वडा कार्यालय मार्फत उक्त तेल मिल फिर्ता लिई दिन सिफारिस समेत भई मिति २०८२/०७/३० को बयालिसौं कार्यपालिका बैठकबाट फिर्ता लिने निर्णय भई नगरपालिकालाई हस्तान्तरण गरेको हुनाले उक्त तेल मिल संचालनमा ल्याउन वडा नं.९ स्थितको शंखडोल पारिजात महिला समूहले निवेदन दिएकोले दिगो र प्रभावकारी रुपले लाभग्राही महिलाहरुको रोजगारी स्थापना हुने गरी शंखडोल पारिजात महिला समूहलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

७.४)गत आ.ब.०८१/०८२ मा सेनिटरी प्याड खरिदको ठेक्का नं.GOMUN/NCB/Goods/081/082/04 को सप्लायर Health and Hygine Products pvt.Ltd. लाई बाँकी रहेको विल रकम रु.१०,५१,१३०/५०(रु दश लाख एकाउन्न हजार एक सय तिस रुपैया पचास पैसा मात्र) अघिल्लो आ.ब. मा भएको विल यस आ.ब.मा ठेक्का म्याद भित्रै पेश भएको हुँदा यस आ.ब.को नगर स्तरीय भुक्तानी दायित्व चालू शिर्षकबाट खर्च लेखिने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

७.५) यस नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि आ.ब.०७८/०७९ मा ठेक्का नं.GOMUN/NCB/077 को पेश्कीको सन्दर्भमा निर्माण व्यवसायी श्री P.S.-GSHCJV कपन, काठमाडौंलाई ठेक्का सम्झौता पश्चात पेश्की रकम स्वरुप मिति २०७८/०६/०७ मा रु.१,३४,००,०००/-(रु एक करोड चौतिस लाख मात्र) भुक्तानी भएकोमा उक्त श्री P.S.-GSHCJV कपन, काठमाडौंले काम शूरु नै नगरेकोले निर्माण व्यावसायीले मिति २०८२/०८/१४ सम्ममा यस नगरपालिकाको आन्तरीक राजस्व खातामा पेश्की रकम रु.१,३४,००,०००/- जम्मा गरेको र व्याज बापतको रु.४,४०,०००/- समेत जम्मा गरिसकेकोले उक्त पेश्की र व्याज समेतको गरी रकम रु.१,३८,४०,०००/-(रु एक करोड अड्तिस लाख चालिस हजार) आम्दानी बाँधी पेश्की फछ्यौंट गरी म.ले.प.मा संपरिक्षणका लागि पेश गर्ने निर्णय गरियो ।

७.६) गोकर्णेश्वर नगरपालिका वडा नं.८ माकलबारी प्रगती चोक उन्नति मार्गको भित्री टि आकारको बाटो स्तरोन्नतीका लागि आ.ब.०८२/०८३ को नगर स्तरीय पूँजिगत तर्फको क्र.स.८ को ढल व्यवस्थापन शिर्षकबाट खर्च लेखिने गरी रु.६,००,०००/- विनियोजन गरी बाटो स्तरोन्नतीको कार्य गर्ने निर्णय गरिन्छ ।

७.७) गोकर्णेश्वर नगरपालिका वड नं.५ नारायणटार लालीगुराँस टोल सरस्वती दाहालको घर जाने बाटोमा ढल फेरी बाटो स्तरोन्नती गर्नका लागि आ.ब.०८२/०८३ को नगर स्तरीय पूँजिगत तर्फको क्र.स.८ को ढल व्यवस्थापन शिर्षकबाट खर्च लेखिने गरी रु.७,००,०००/- विनियोजन गरी ढल बाटो स्तरोन्नतीको कार्य गर्ने निर्णय गरिन्छ ।

७.८) निर्णयः संघमा पेश गर्ने समपूरक तथा विशेष योजना सम्बन्धमा:संघीय समपूरक र विशेष अनुदान अन्तर्गत २०८३/८४ का लागि तपसिल बमोजिमका आयोजनाहरू संचालन गर्न राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क्र.स.	संघ समपूरक/ विशेष अनुदान मागको लागि योजनाहरू	अनुदानको प्रकार	लागत अनुमान
१	वडा नं. ४ गोकर्णेश्वर नगरअस्पताल संचालनको लागि बाँकी निर्माण कार्य	समपुरक अनुदान	४,१३,४६,१०६.७०।-
२	ढाँडफेदी तारेभिर सडक निर्माण, गोकर्णेश्वर, वडा नं. ३	समपुरक अनुदान	३,०६,७७,३४५.८०।-
३	सहयोगी मा.वि. पुस्तकालय भवन निर्माण, गोकर्णेश्वर, वडा नं. ४	बिशेष अनुदान	३,४८,९०,७४०.४८।-
४	ओखेनी मा.वि. भवन निर्माण, गोकर्णेश्वर वडा नं. १	बिशेष अनुदान	२,९९,८८,७३७.६८।-

७.९) यस नगरपालिका अन्तर्गत पशु विकास शाखाको आ.ब. ०८२/०८३ को स्वीकृत प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) खर्च शिर्षक नं. २२५२२ को पाना नं.१८८ को क्र.स.४मा रहेको गाईभैसी पालन प्रवर्दन कार्यक्रम गोकर्णेश्वर नगरपालिका वडा नं.२ मा विनियोजित बजेट रु.१०,००,०००/- बाट कार्यक्रम संचालन गर्न पशुपालक कृषकहरुका लागि आवेदन गर्न माउ गाई तथा माउ भैसी न्युनतम तिनवटा हुने पशुपालक कृषकले मात्र आवेदन गर्न पाउने र उक्त विनियोजित बजेट रु.१०,००,०००/- बाट दस वटा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

७.१०) मालपोत कार्यालय,चावहिल,काठमाडौंको मिति २०८२/०९/१७ को प.स.०८२/०८३ को च.नं.२२०९ को भुक्तानी सम्बन्धमा भन्ने पत्र बमोजम मालपोत कार्यालय चावहिललाई स्टेशनरी सामानहरुका लागि रकम रु.५३१६६५/- आ.ब.०८२/०८३ को नगरस्तरीय मसलन्द तथा कार्यालय शिर्षकबाट खर्च लेखिने गरी उपलब्ध गराउने गराउने निर्णय गरियो ।

७.११)गोकर्णेश्वर नगरपालिका वडा नं.३ को कार्यालयको मिति २०८२/०८/११ को प.स.०८२/०८३ च.नं.१२५३ को सिफरिस पत्र बमोजिम वडा नं. ३मा जडान भएको विद्युत मिटर consumer n0 125.26.016A1 को तिर्नबाँकी रमम रु.२,०१,३४९/-comsumer no 125.26.202 को तिर्न बाँकी रकम रु.११,७७,४९७/-, comsumer no 125.26.203 को तिर्न बाँकी रकम रु.६,०४,४१४/५० रु comsumer no 125.26.201 को तिर्न बाँकी रकम रु५,१६,७३९/५० गरी जम्मा रु.२५,००,०००/- रकम नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्न वडा नं.३ वडा स्तरीय संस्थागत क्षमता विकास,सेवा प्रवाह सुशासन शिर्षकको क्र.स.२ र ३ वडाको विभिन्न स्थानको सडक बत्ति भुक्तानी दिन बाँकी खर्च शिर्षकबाट रु.२५,००,०००/- भुक्तानी गर्ने निर्णय गरियो।

७.१२) आ.ब.०८२/०८३ को नगरस्तरीय स्वास्थ्य प्रवर्धनको क्र.स.९, असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग शिर्षकबाट खर्च लेखिने गरी देहाय बमोजिमका व्यक्तिहरुलाई उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

क्र.स.	विरामीको नामथर,ठेगाना	विवरण	उपचार खर्च
१	यसोदा कार्की , काठमाडौ जिल्ला समन्वय समिति सदस्य	क्यान्सर	रु५०,०००/-
२	सन्जय मोक्तान लामा, वडा नं.७	मृगौला रोग	रु.५०,०००/-
३	सरस्वती गुरागाई, वडा नं.५	मेरुदण्ड सम्बन्धी	रु.५०,०००/-
४	कृष्ण कुमारी फुयाँल, वडा नं.५	मुटु तथा फोक्सो सम्बन्धी	

७.१३) यस नगरपालिका वडा नं.१ बुढानिलकण्ठ आश्रम, सुन्दरीमाई ध्यानयोग केन्द्र सुन्दरीजल शाखाको लागि पर्खाल निर्माण आ.व.०८२/०८३ को नगर स्तरीय नगर प्रमुख कार्यक्रमबाट खर्च लेखिने गरी रु.५,००,०००/- विनियोजन गरी मेशिनरी वाल निर्माणको कार्य गर्ने निर्णय गरियो ।

७.१४) यस नगरपालिकाका साहित्यिक धरोहर हाँस्यव्यङ्गकार स्व.भैरव अर्यालका बारेमा लेखिलेखाई, विभिन्न हाँस्य व्यङ्गका लेखहरु समावेश गरी एउटा संग्रहणीय अभिलेख तयार गरी प्रकाशन गर्न आ.ब.०८२/०८३ को नगर स्तरीय नगरप्रमुख कार्यक्रम शिर्षकबाट विनियोजन गरी कल्पतरु प्रज्ञा प्रतिष्ठानलाई रु२,००,०००/- उपलब्ध गराउने निर्माण गरियो ।

७.१५) मिति २०८२/०९/११मा सम्पन्न सोह्रौं नगर सभा हिउँदे सभाको विविध निर्णयको निर्णय नं.६.५नगरपालिकाको ५०% र उपभोक्ता समितिको ५०% लगानीमा संचालन गरिने योजना को क्र.स. १ बाटो ढलान तथा डिमार्केशन वाल गणेश मन्दिरटोल, वडा नं.३ रु.१०,००,०००/- लाई संशोधन गरी बाटो ढलान तथा ढल व्यवस्थापन योजन संचालन गर्ने निर्णय गरियो ।

७.१६) यस नगरपालिका वडा नं.४ स्थित रहेको राष्ट्रिय सहिद पार्क भित्र सहिद पार्क स्तरोन्नती एवं जेन्जी पार्क निर्माण गर्न यस नगरपालिकाको प्रशासकीय भवनको पेश्की फिर्ता बापत प्राप्त भएको रकम रु.१,३४,००,०००/- मध्यबाट खर्च लेखिने गरी रु.९,५०,०००/- बजेट विनियोजन गरी पार्क स्तरोन्नती एवं निर्माणको योजना संचालन गर्ने निर्णय गरियो ।

७.१७) आ.ब.०८२/०८३ को नगर स्तरीय स्वास्थ्य प्रवर्धन तर्फको क्र.स. ११ को विभिन्न अस्पतालहरु संगको सम्झौता बमोजिम स्वास्थ्य सेवा सहकार्य रु.१,००,००,०००/- शिर्षकबाट रकमान्तर गरी खर्च लेख्ने गरी देहायको आवश्यक योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

क्र.स.	योजना तथा कार्यक्रम	बजेट	कैफियत
१	जोरपाटी चोकमा पानीको फोहोरा, सौन्दर्यीकरण सहित गोकर्णेश्वर महादेव मन्दिरको प्रतिमा निर्माण	रु१०,००,०००/-	
२	अक्सीजन कन्सनट्रेटर खरिद	रु१०,००,०००/-	

७.१८) आ.ब.०८२/०८३ को नगर स्तरीय शिक्षा तर्फ योजना तथा कार्यक्रमहरु देहाय बमोजिम संशोधन गरी संचालन गर्ने निर्णय गरियो ।

तपसिल

क्र.सं.	साविक कार्यक्रमको नाम	कार्यक्रमको संसोधन गर्ने कायम हुने कार्यक्रम	औचित्य
१.	क्र.सं. ३४ ब.ख.शी.नं. २२५२९ को नगरपालिकासँग शिक्षक विद्यार्थी अभिभावक कार्यक्रममा रकम रू. ५,००,०००/- मध्येबाट	सामुदायिक माध्यमिक विद्यालयहरूमा वृत्ति मार्ग निर्देशन अनुदान (Career Guidance) रू. २,००,०००/-	सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको लागि भविष्यमा आफ्नो खुबी, रूची, क्षमता पहिचान गरी आफ्नो भविष्यको पेसा व्यवसाय रोज्न सहयोग हुने भएकोले सो कार्यक्रम सञ्चालन गर्नको लागि उपयुक्त देखिएकोले ।
२.	क्र.सं. ३४ ब.ख.शी.नं. २२५२९ को नगरपालिकासँग शिक्षक विद्यार्थी अभिभावक कार्यक्रममा रकम रू. ५,००,०००/- मध्येबाट	Digital Learning कार्यक्रमको लागि रकम रू. ३,००,०००/-	Digital Platform मार्फत सिकाइमा प्रभावकारिता ल्याइ शैक्षिक गुणस्तर अभिवृद्धि हुने ।
३.	क्र.सं. ३१ ब.ख.शी.नं. २२५२९ को नगर योग कार्यक्रममा रकम रू. १०,००,०००/- मध्येबाट	Digital Learning कार्यक्रमको लागि रकम रू. २,००,०००/-	
४.	क्र.सं. ३० ब.ख.शी.नं. २२५२९ को जनप्रतिनिधि अभिभावक शिक्षक कर्मचारी तथा विद्यार्थीहरूबिच अन्तर्क्रिया कार्यक्रममा रकम रू. ३,००,०००/- मध्येबाट	क्षमता अभिवृद्धि कार्यक्रम (NISAN) रू. २,००,०००/-	शिक्षक कर्मचारीको क्षमता अभिवृद्धि भई कार्यसम्पादनमा गुणस्तर कायम हुने ।
५	क्र.सं. २९ ब.ख.शी.नं. २२५२२ को शिक्षा तथा साक्षरता दिवस कार्यक्रम	ग्रेडवृद्दि शिक्षण कार्यक्रमका लागि रू. ३,००,०००/। (अक्षेरेपी रु तीन लाख)।	SEE परिक्षामा Mission- 4 GPA तथा NG हटाउ अभियान सन्चालनका लागि सामुदायीक विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाइ अतिरिक्त कक्षा सन्चालन गर्न उपयुक्त हुने।
६	क्र.सं. ३० ब.ख.शी.नं. २२५२९ को जनप्रतिनिधि अभिभावक शिक्षक कर्मचारी तथा विद्यार्थीबिच अन्तरक्रिया कार्यक्रम ।	नगर शिक्षा नियमावाली मस्यौदा पुनरावलोकन, सम्पादन तथा लेखनका लागि रु १००,०००। (अक्षेरेपी रु एक लाख)।	नगर शिक्षा ऐन २०७९ जारी भएको तर शिक्षा नियमावाली पारीत गर्न बाँकी रहेको।

७.१९) आ.ब.०८२/०८३ को नगरस्तरीय चालू तर्फको क्र.स.२४ नियमित कार्यक्रम अन्तरगत मासिक कवि गोष्ठी पत्रिका र पुस्तकहरु प्रकाशनको लागि अनुदान शिर्षकबाट खर्च लेखिने गरी नेपाली लेखक सङ्घलाई साहित्यक जमघट र रचना वाचन कार्यक्रमका लागि रु१,००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

७.२०) आ.ब.०८२/०८३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) क्र.स.८२ को काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं.५ चामुण्डा मन्दिर परिषरमा सामुदायिक भवन निर्माण शिर्षकमा रु.७०,००,०००/- विनियोजन भएको योजना स्थानीय उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

७.२१)यस गोकर्णेश्वर नगरपालिका र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुले यस कार्यालयको मिति २०८२/०९/१३ गतेको सूचना बमोजिम रितपूर्वक तह बृद्धिका लागि दिनु भएको निवेदनका सम्बन्धमा यस कार्यालयको मिति २०८२/०९/१३ गतेको निर्णयानुसार गठित तह बृद्धि सिफारिस समितिको सिफारिस बमोजिम बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ एवं यस गोकर्णेश्वर नगरपालिकाको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह/स्तर बृद्धि सम्बन्धी कार्यविधि, २०८० बमोजिम तह बृद्धिका लागि योग्यता पुगेका तपसिल बमोजिमका कर्मचारीहरुको मिति २०८२ साल माघ १ गते बाट जेष्ठता लागू हुने गरी तह बृद्धि गर्ने निर्णय गरियो ।

तपसिलः

क्र. सं.	नाम, थर	कर्मचारी सं.नं.	सेवा/समूह	हालको पद/तह	तह बृद्धि हुने पद/तह	कैफियत
१.	विश्वरंजन दंगाल	२००६४५	नेपाल कृषि/वाली विकास	नायव प्राविधिक सहायक/सहायकस्तर पाँचौ	सहायक बाली विकास अधिकृत/छैठौं	
२.	शान्ता अर्याल	१९९४७३	नेपाल विविध	सहायक महिला विकास निरीक्षक/सहायकस्तर पाँचौ	सहायक महिला विकास अधिकृत/छैठौं	
३.	विनय भण्डारी	२३८५९०	प्रशासन/लेखा	लेखापाल/सहायकस्तर पाँचौ	सहायक लेखा अधिकृत/छैठौं	